दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १०६ | बुटवल | २०८३ बैशाख ०३ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday April 16, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बरः ९८०१८२७९५०**

# सम्मरीमाईमा शीतभण्डार निर्माणमा भ्रष्टाचार आरोपमा १६ जना र एक कम्पनीविरुद्ध मुद्दा दायर

**अख्तियारले दायर गरेको अभियोगपत्रमा पाँच करोड ४३ लाख ७९ हजार ९३९ रुपैयाँको योजनामा ७१ लाख ९७ हजार ९८० रुपैयाँ ६ पैसा हिनामिना गरेको दाबी गरिएको छ।**



**लुम्बिनी संवाददाता**
*बुटवल*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रुपन्देहीको सम्मरीमाई गाउँपालिकामा निर्माणाधीन शीतभण्डार (कोल्ड स्टोर)मा गलत कार्यसम्पादन प्रतिवेदन बनाई सरकारी रकम हिनामिना गरेको आरोपमा १६ जना र एक कम्पनीविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

अख्तियारले लुम्बिनी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका तत्कालीन सचिव बैकुण्ठ अधिकारी, तत्कालीन वरिष्ठ कृषि विकास अधिकृत श्रीधर ज्ञवाली, तत्कालीन कृषि प्रसार अधिकृत मुकेश रामजाली नेपाली, तत्कालीन लेखा अधिकृत लक्ष्मण पौडेल र तत्कालीन सहलेखापाल अजय मिश्रविरुद्ध मुद्दा दायर गरेको हो।

त्यस्तै, मेगा माइन्डस् अर्किटेक्टस् एन्ड स्ट्रक्चर प्रालि र फर्मका सञ्चालक सुगम कोइरालालाई विपक्षी बनाइएको छ। शीतभण्डार निर्माणमा संलग्न सहकारी संस्था र पदाधिकारीविरुद्ध पनि मुद्दा दायर भएको छ।

अख्तियारले भवानी स्वावलम्बन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका व्यवस्थापक अशोककुमार तिवारी, तत्कालीन अध्यक्ष जयराम गडेरिया, कृष्ण स्वावलम्बन बचत तथा ऋण सहकारी संस्था लिमिटेडका तत्कालीन अध्यक्ष अशोककुमार त्रिपाठी, नवदुर्गा स्वावलम्बन बहुउद्देश्य सहकारी संस्था लिमिटेडका तत्कालीन अध्यक्ष दुर्गाप्रसाद कुर्मी, तत्कालीन व्यवस्थापक जितेन्द्र यादव, वैष्णो माता स्वावलम्बन बचत तथा ऋण सहकारी संस्था लिमिटेडका तत्कालीन व्यवस्थापक कृष्णकुमार सिंह, जनकल्याण स्वावलम्बन बचत तथा ऋण सहकारी संस्था लिमिटेडका तत्कालीन अध्यक्ष फुलमन भर र गौतमबुद्ध स्वावलम्बन बचत तथा ऋण सहकारी संस्था लिमिटेडका तत्कालीन अध्यक्ष ओमप्रकाश गुप्तालाई पनि विपक्षी बनाइएको छ।

यसैगरी, मर्चवारी स्वावलम्बन बचत तथा ऋण सहकारी संस्था लिमिटेडका तत्कालीन अध्यक्ष श्यामसुन्दर यादवको हकवाला उनकी पत्नी इनरावती यादव र जन उत्थान स्वावलम्बन बचत तथा ऋण सहकारी संस्था लिमिटेडका तत्कालीन अध्यक्ष कतबारू गोसाईको हकवाला उनकी राजपति गोसाईलाई विपक्षी बनाइएको छ। यादव र गोसाईको मृत्यु भइसकेको छ।

अख्तियारले दायर गरेको अभियोगपत्रमा पाँच करोड ४३ लाख ७९ हजार ९३९ रुपैयाँको योजनामा ७१ लाख ९७ हजार ९८० रुपैयाँ ६ पैसा हिनामिना गरेको दाबी गरिएको छ। उनीहरूबाट त्यही बराबरको विगो असुलउपर गर्न माग दाबी गरिएको छ।

शीतभण्डार निर्माणका लागि आवश्यक विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) बनाउने र मूल्याङ्कन गर्ने काम एउटै परामर्शदाता संस्थालाई दिई अस्वाभाविक लागत अनुमान स्वीकृत गराएको अख्तियारको दाबी छ।

दायर गरेको आरोपपत्रमा मन्त्रालय र भवानी स्वावलम्बन बहुउद्देश्यीय सहकारी संस्थाबिच भएको सम्झौतामा व्यापक अनियमितता भएको दाबी गरेको छ। आर्थिक वर्ष २०७६-०७७ को स्वीकृत बजेटअन्तर्गत ५ करोड ४३ लाख रुपैयाँको लागतमा निर्माण सुरु गरिएको शीतभण्डार योजनामा भ्रष्टाचार भएको अनुसन्धानबाट खुलेको अख्तियारले जनाएको छ।

अनुसन्धानका क्रममा सार्वजनिक खरिद ऐन र नियमावलीविपरीत खुला प्रतिस्पर्धा नगराई सोझै खरिद प्रक्रिया अघि बढाएको र गलत नापजाँच प्रतिवेदनका आधारमा झुट्टा बिल बनाएर ७१ लाख ९७ हजार ९८० रुपैयाँ भुक्तानी दिएको अख्तियारको ठहर छ। काम सम्पन्न नभई बदनियतपूर्वक भुक्तानी दिइएका कारण हाल सो शीतभण्डार जीर्ण, अपूर्ण र प्रयोगविहीन अवस्थामा छ। अख्तियारका अनुसार निर्माण गरिएको संरचना हाल कुनै पनि प्रयोजनका लागि उपयोग गर्न नसकिने अवस्थामा पुगेको छ।

यसरी सरकारी अनुदानको दुरुपयोग गरी राज्यको सम्पत्ति नोक्सान पुऱ्याएको भन्दै तत्कालीन मन्त्रालयका जिम्मेवार अधिकारी र सहकारी संस्थाका पदाधिकारीहरूलाई प्रतिवादी बनाएर मुद्दा चलाइएको छ। उनीहरूमाथि बिगो बमोजिमको जरिवाना र कैद सजायको मागदाबी गरिएको छ।

योजनामा ९ वटा विभिन्न सहकारी संस्थाहरूले समेत लगानी गर्ने निर्णय भए पनि अन्ततः सरकारी रकमको मात्रै दोहन भएको अनुसन्धानले देखाएको छ।

# देशभर आर्थिक गणना सुरु

बुटवल। बुधबारदेखि देशभर दोस्रो आर्थिक गणना सुरु भएको छ। त्यसका लागि देशभर नै गणक तथा आवश्यक सुपरीवेक्षक सम्बन्धित क्षेत्रमा पुगिसकेका राष्ट्रिय तथ्याङ्क कार्यालयले जनाएको छ।

कार्यतालिकाअनुसार स्थलगत तथ्याङ्क सङ्कलनको काम आगामी असारको पहिलो साताभित्र सम्पन्न हुनेछ। गणनाका लागि करिब पाँच हजार जनशक्ति परिचालन गरिएका छन्।

अर्थ मन्त्रालयले मुलुकको समग्र औद्योगिक एवं आर्थिक क्षेत्रसँग जोडिएको तथ्याङ्क सङ्कलन गरिने भएकाले यस कार्यमा योगदानका लागि सबैलाई आग्रह गरेको छ।

गणनामा उद्योग, व्यवसाय, सेवा क्षेत्र, सहकारी तथा निजी क्षेत्र, सार्वजनिक संस्थाको संख्या, प्रकार, लगानी, रोजगारी, उत्पादन र सेवा प्रवाहलगायत आर्थिक क्षेत्रका १८ वटा क्षेत्रको आधारभूत विवरण सङ्कलन गरिने छ। त्यसक्रममा देशभर दर्ता भए/नभएका ठूला साना व्यापार प्रतिष्ठान, रोजगारीका हिसाबले धेरै रोजगारी दिएका वा स्वरोजगार भएका प्रतिष्ठान, अन्य उद्योग, कलकारखाना, व्यापार र व्यवसाय, गैरसरकारी सङ्घसंस्था, सरकारी संस्थान, सरकारी वा निजी विद्यालय, अस्पताललगायतको गणना गरिने छ।

आर्थिक गणना तयारीको पूर्वचरणका काम गत फागुन मसान्तमा सम्पन्न भइसकेका छन्। चैतको सुरुआतमा ७७ जिल्ला र थप सात गरी ८४ कार्यालय स्थापना गरिएका छन्।

# सुरक्षा संयन्त्रबारे अध्ययन गर्न तीन सदस्यीय समिति गठन



बुटवल। सरकारले गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनबारे बनेको गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयनबारे सुरक्षा संयन्त्रको हकमा अध्ययन गर्न समिति बनाएको छ।

बुधबार बसेको मन्त्रिपरिषद् बैठकले उच्च अदालतका पूर्वन्यायाधीश प्रेमराज कार्कीको संयोजकत्वमा तीन सदस्यीय समिति बनाउने निर्णय भएको सरकारका प्रवक्ता समेत रहेका शिक्षामन्त्री सस्मित पोखरेलले जानकारी दिए।

'२०८२ भदौ २३ र २४ गते घटेको घटना जाँचबुझ गर्न गठित जाँचबुझ आयोगले पेश गरेको प्रतिवेदन कार्यान्वयनको सन्दर्भमा सुरक्षा संयन्त्रको हकमा अध्ययन गरी सिफारिस गर्न उच्च अदालतका पूर्वन्यायाधीश प्रेमराज कार्कीको संयोजकत्वमा सशस्त्र प्रहरीका बलका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक सुबोध अधिकारी र नेपाल प्रहरीका पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक टेकप्रसाद राई सदस्य रहेको समिति गठन गर्ने।'- निर्णयमा भनिएको छ।

# बुटवलमा पहिलोपटक रैथाने सीप, कला र उत्पादन प्रदर्शनी

**प्रदर्शनीमा सहभागी हुने स्टलहरू र अवलोकनकर्ताबाट कुनै शुल्क नलिइने आयोजकले बताएका छन्।**




बुटवल। रैथाने (पुराना) सीप, कला र उत्पानको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले काठमाडौं बाहिर पहिलोपटक बुटवलमा समुदायस्तरको रैथाने सीप, कला तथा उत्पादन प्रदर्शनी हुने भएको छ।

'हाम्रो पुर्खाको ज्ञान, हाम्रो देशको शान रैथाने सीप र कलाको जर्गेना हाम्रो अभियान' नारासहित बैशाख ५ गते बुटवल ट्राफिकचोकस्थित खस्यौली बजारमा प्रदर्शनी हुने भएको हो।

जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड, रुपन्देही र रैथाने शिल्पकला तथा सम्पदा प्रतिष्ठान नेपालको संयुक्त आयोजनामा हुने एकदिने प्रदर्शनीमा ५० भन्दा बढी स्टल, रैथाने सीप, हस्तकला, काष्ठकलाको प्रत्यक्ष प्रदर्शनी, मौलिक खाद्य परिकार, विभिन्न आदिवासी जनजातिका सांस्कृतिक प्रस्तुति र झाँकी आकर्षणका रुपमा रहने आयोजकले बुधबार सम्मेलनमार्फत् जानकारी गराएका छन्। प्रदर्शनीअन्तर्गत सम्पदा पदयात्रा पनि हुने र प्रदर्शनीमा सहभागी हुने स्टलहरु र अवलोकनकर्ताबाट कुनै शुल्क नलिइने आयोजकले बताए।

रैथाने शिल्पकला तथा सम्पदा प्रतिष्ठान नेपालका अध्यक्ष डा. मानबहादुर विकेले विश्व सम्पदा दिवसको अवसर पारेर काठमाडौं बाहिर पहिलोपटक रैथाने कला, सीप र उत्पादन प्रदर्शनी आयोजना गरिएको बताए।

प्रदर्शनीले लोपोन्मुख रैथाने कला र सीपको संरक्षण, व्यवासायिकरण, सांस्कृतिक सम्पदाप्रति जनचेतना अभिवृद्धि र रोजगारी तथा आर्यआर्जनमा टेवा पुऱ्याउनुका साथै रैथाने उत्पादनको बजार पहुँच विस्तार गर्ने डा. विकेले बताए।

डा. विकेका अनुसार हाल देशको कूल ग्राहस्थ उत्पादन (जीडीपी) मा रैथाने उत्पादनको ५ प्रतिशत योगदान रहेको छ। बुद्धका उपदेश पनि रैथाने ज्ञान भएको उल्लेख गर्दै डा. विकेले अब रैथाने कला, सीपलाई विद्यालयको पाठ्यक्रममा समावेश गरेर शिक्षासँग पनि जोड्न आवश्यक रहेको सुझाए।

जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडका अध्यक्ष रेवन्त विश्वकर्माले आधुनिकताको नाममा देशका मौलिक रैथाने सीप र कला हराउँदै गएकोले त्यसको संरक्षण गर्नु प्रदर्शनीको मुख्य उद्देश्य रहेको जनाए।

प्रदर्शनीमा नेपालको ग्रामीण जनजीवनमा प्रयोग हुँदै आएका तर हाल लोप हुने अवस्थामा पुगेका मौलिक र परम्परागत वस्तु, औजार, संस्कृति, परम्परा र खाद्य परिकारलगायतको प्रदर्शनी र बिक्री हुने विश्वकर्माले बताए।

खस्यौली बजारका अध्यक्ष समुन्द्र घिमिरेले हरेक शनिबार खस्यौली बजार सञ्चालन हुँदै आएको ठाउँमा रैथाने कला सीप र उत्पादन प्रदर्शनी आयोजना गरी भविष्यमा यसलाई मौलिक ब्राण्डको बजारका रुपमा नियमित सञ्चालन गर्ने योजना रहेको बताए। पुराना सीप, कला र उत्पादन देशको मौलिकता र स्वास्थ्यसँग पनि जोडिएकाले यसलाई तीनै तहका सरकारले प्राथमिकतामा राख्नुपर्ने घिमिरेले जनाए।

पत्रकार सम्मेलनमा इन्द्रेणी सांस्कृतिक कला केन्द्रका अध्यक्ष कृष्ण कंडेलले देशको मौलिक कला र सीप नै राष्ट्रको पहिचान र सम्पदा भएकाले यिनलाई जोगाउन राज्य नै लाग्नुपर्ने उल्लेख गरे।

प्रदर्शनीमा नेपाल आदिवासी जनजाति महासंघ रुपन्देही जिल्ला र बुटवल उपमहानगर समितिले सहकार्य गर्ने इन्द्र राई र अरुणकुमार श्रेष्ठले बताए।



# सम्पादकीय

## अब सार्वजनिक सम्पत्तिको स्रोत खुलाऊ

मन्त्रिपरिषद्का सदस्यहरूले सम्पत्ति सार्वजनिक गरे, राम्रो गरे । सार्वजनिक गरेको सम्पत्ति विवरणले बहस सिर्जना गरेको छ । यो विवरण सार्वजनिक भएपछि चियापसलदेखि सामाजिक सञ्जालसम्म चर्चा र बहस भएको छ ।

बहसको केन्द्र विन्दु सम्पत्ति सार्वजनिक भएको बारेमा होइन्, सार्वजनिक भएको सम्पत्तिको परिमाणको बारेमा हो । मन्त्रीहरुले सार्वजनिक गरेको चल अचल र सुनचाँदीले उनीहरुको अनुहार प्रष्ट भएको छ । उनीहरुले अब सार्वजनिक भएको सम्पत्तिको स्रोत खुलाउनुपर्नेछ । यदि सार्वजनिक भएको सम्पत्तिको स्रोत खुलाउन बेवास्ता गरे उनीहरुप्रति निरन्तर प्रश्न उठ्नेछ । सम्पत्ति कमाउनु स्वभाविक हो, एउटा व्यक्तिले मिहिनेत र दुःख गरेर सम्पत्ति कमाउन सक्छ, त्यो कमाएको सम्पत्तिको स्रोत प्रष्ट हुनुपर्छ । नागरिकले सार्वजनिक भएको सम्पत्तिको स्रोत थाहा पाउनुपर्छ ।

आज मन्त्रीहरुले सार्वजनिक गरेको सम्पत्तिले उनीहरुप्रति प्रश्न उठ्नुको कारण हो, जेनजी आन्दोलनअघि उनीहरुले नेताका परिवारको धनसम्पत्तिलाई लिएर अनेक लान्छनायुक्त अभिव्यक्ति दिए । नेताका परिवारको लवाई खुवाई र सम्पत्ति सबै भ्रष्टाचार गरेर कमाएको टिप्पणी गरेर बदनाम बनाए । राजनैतिक दलका नेताहरु अपेक्षित रुपमा पारदर्शी थिएनन्, तर उनीहरुले भनेझैं सबै बदनाम र भ्रष्ट पक्कै थिएनन् । राजनीति गर्नेमध्ये धेरैका परिवारका सदस्य इलम, व्यापार व्यवसायमा संलग्न थिए । जसले गत भदौ २४ गते अर्काको निजी सम्पत्ति जलाउनुपर्छ भन्दै सडकमा आगो झोसे । अर्काको सम्पत्तिप्रति ईर्ष्या गर्ने, निजी उद्योग जलाउने जस्ता क्रियाकलाप गरे । अहिले मन्त्रीमण्डलमा सहभागी भएका अधिकांश निजामती कर्मचारी, सेना पुलिसका सन्तान हुन् । उनीहरुले सार्वजनिक गरेको सम्पत्ति सरकारको विभिन्न तहमा काम गरेका बाबु आमाले कमाएको सम्पत्ति हो । अब सरकारको विभिन्न तहमा काम गरेका व्यक्तिहरुले कमाएको सम्पत्तिको स्रोतको जाँच हुनुपर्छ कि पर्दैन ?

देशले परिर्वतन राजनैतिक मात्रै खोजेको होइन्, इमान, व्यवहार र चरित्रमा खोजेको छ । एउटा पात्रको अवसानमा अर्को उस्तै पात्रको खोजी गरेको होइन् । जेनजी आन्दोलनका शहीद र घाइतेले अहिलेका नवधनाढ्य मन्त्रीको सम्पत्ति खोजेका होइनन् । अहिलेका मन्त्रीको सम्पत्तिको स्रोतको खोजी र पुष्टि हुन सकेमा जेनजी आन्दोलनका शहीद र घाइतेप्रति सम्मान हुनेछ ।

मन्त्रीहरूले करोडौंको सम्पत्तिको स्रोत 'पैतृक सम्पत्ति' र 'सामाजिक सञ्जाल' मात्र उल्लेख गरेर पुग्दैन् । कहाँबाट कति आम्दानी भयो ? राज्यलाई त्यो आम्दानी गरेबापत कति कर बुझाइयो ? भन्ने प्रश्नको उत्तर दिनुपर्छ । संसदले मन्त्रीको सम्पत्तिको स्रोत खोजबिन गर्ने कि नगर्ने ? सुशासनको वकालत गर्नेहरू आफैँ पारदर्शी हुनुपर्छ । जनताको करबाट पालिएका राज्यसंयन्त्रमा पुगेका व्यक्तिहरुले अहिले सार्वजनिक भएको सम्पत्तिको स्रोत सार्वजनिक गर्नुपर्छ । त्यसले उनीहरुलाई जवाफदेही र जिम्मेवार बनाउने छ ।

# सेयर बजार ३३ अंकले बढ्यो



काठमाडौं । नयाँ वर्ष २०८३ को पहिलो कारोबार दिन बुधबार सेयर बजार ३३.२७ अंक बढेको छ । सो अंकको वृद्धिसँगै बजार परिसूचक नेप्से २८६६ अंकमा पुगेको छ ।

कारोबारका क्रममा दिउँसो १ : ०७ बजे नेप्से परिसूचक २८७९ अंकसम्म पुगे पनि त्यसपछि केही खस्कियो । कारोबार रकम पनि बढेको छ । सोमबार ८ अर्ब ६६ करोडको कारोबार भएकोमा बुधबार १० अर्ब ५३ करोड रुपैयाँको भयो ।

२२१ कम्पनीको मूल्य बढ्दा ४५ को घट्यो भने ३ को स्थिर रह्यो । सबै समूहका सूचक बढेका छन् । होटल तथा पर्यटन समूह सबैभन्दा धेरै ३.१६ प्रतिशत बढ्यो ।

बैंकिङ १.३०, विकास बैंक १.५३, फाइनान्स १.२१, हाइड्रोपावर २.१४, लगानी ०.८९, जीवन बिमा ०.४६, उत्पादन तथा प्रशोधन ०.११, माइक्रोफाइनान्स ०.६४, निर्जीवन बिमा ०.३९, अन्य ०.१० तथा व्यापार २.३३ प्रतिशत बढे ।

७ कम्पनीको मूल्य १० प्रतिशत बढेको छ । १० प्रतिशत बढेका कम्पनीमा पाल्पा सिमेन्ट, होटल फरेस्ट इन, रिजलाइन इनर्जी, सूर्यकुन्ड हाइड्रो इलेक्ट्रिक, सुपर खुदी हाइड्रोपावर, शिखर पावर र सिन्धु विकास बैंक छन् । त्यस्तै सोलु हाइड्रोपावरको ८.६३, नारायणी डेभलपमेन्ट बैंकको ५.५३ तथा ओरियन्टल होटलको मूल्य ५.१४ प्रतिशत बढ्यो ।

रिलायन्स स्पिनिङ मिल्सको मूल्य सबैभन्दा धेरै ५.६१ प्रतिशत घट्यो । त्यस्तै उपकार लघुवित्तको ४.४४ प्रतिशत मूल्य घट्यो । धेरै कारोबार भएका कम्पनीमा शिवम् सिमेन्ट, नेसनल हाइड्रोपावर, रिलायन्स स्पिनिङ मिल्स, सोलु हाइड्रोपावर र रिडी पावर छन् ।

# सभापति लामिछाने र प्रधानमन्त्री बालेनबिच चिसोपन सुरु :सत्ता, दबाब र द्वन्द्वको नयाँ अध्याय



टेकराज पौडेल

सत्ताको गणित मिलाउन बनेको सहकार्य अब नीतिगत समन्वयको अभावले चुनौतीमा परेको देखिन्छ । बाह्य दबाब, आन्तरिक विवाद र व्यक्तिगत शैलीबीच सन्तुलन कायम गर्न नसके यो सरकार लामो समय टिक्न गाह्रो हुने संकेतहरू देखा पर्न थालेका छन् ।

गत हप्ता प्रधानमन्त्रीले करिब एक दर्जन देशका राजदूतसँग सामूहिक भेटघाट गरे । कूटनीतिक शिष्टाचारभित्र सीमित रहने यस्ता भेटघाट यसपटक भने असामान्य रूपमा राजनीतिक सन्देशले भरिएका देखिए । स्विजरल्याण्डका राजदूतसँग गृहमन्त्री सुदन गुरुङले नेपालीहरूले स्विस बैंकमा राखेको भनिएको रकम फिर्ता ल्याउन सहयोग मागे भने प्रधानमन्त्री बालेन साहले मलेसियाका राजदूतसँग सहकारी ठगी प्रकरणका अभियुक्त जीबी राईलाई तत्काल नेपाल सुपुर्दगी गर्न कडा आग्रह गरे ।

कुरा यत्तिमै सीमित रहेन । मैलेसियन पक्षसँग प्रधानमन्त्रीको 'आक्रामक' प्रस्तुति र दबाबपूर्ण शैलीबारे सूचना बाहिरिएपछि सत्ताधारी पार्टीका सभापति रवि लामिछानेले प्रधानमन्त्री बालेनप्रति सन्तुष्ट देखिएनन् । उनको दृष्टिमा यो शैलीले सरकारलाई मात्र होइन, आफूलाई समेत कूटनीतिक र व्यक्तिगत रूपमा अप्ठ्यारोमा पार्न सक्ने जोखिम बोकेको थियो । प्रधानमन्त्री बालेनले अघिल्लो सरकारले पूर्वाग्रहले थुनेको विषयहरू जीबी राई पक्राउपछि स्पष्ट हुने विश्वास राखेका थिए, तर उक्त धारणा आफैंमाथि प्रतिउत्पादक बन्न सक्ने जोखिमलाई भने उनले पर्याप्त रूपमा मूल्याङ्कन गर्न सकेनन् ।

यसैबिच, रवि लामिछानेले आफ्ना नजिकका राजनीतिक सर्कलमार्फत् जीबी राई प्रकरणलाई फरक ढंगले मोड्ने प्रयास भएको चर्चा पनि राजनीतिक वृत्तमा सुनिन थालिएको छ । यसले प्रधानमन्त्रीको प्राथमिकता र ध्यान अन्यत्र मोडिएको संकेत दिने विश्लेषण हुन थालेको छ ।

सभापति लामिछानेले सरकारको कामकारबाही अपेक्षित ढंगले अघि नबढेको भन्दै असन्तोष व्यक्त गरेका छन् । विशेष गरी महोत्तरीबाट बालेनको कोटामा श्रममन्त्री बनेका दीपक शाहको विगत विवादास्पद रहेको विषयलाई लिएर रास्वपाभित्रै असन्तोष चुलिँदै गएको छ ।

दीपक शाहमाथि अघिल्लो समयमा एमबीबीएस अध्ययनका नाममा बिचौलियाको भूमिका खेलेको आरोप लागि प्रहरी हिरासतसमेत भोगेको पृष्ठभूमि छ । मन्त्री बनेपछि पनि आफ्नै श्रीमतीलाई बिमा बोर्डको जिम्मेवारी दिलाएको आरोपले उनको छवि झन् धूमिल बनाएको छ । यी विषयलाई लिएर रविले "यही प्रवृत्ति रहने हो भने हाम्रो सरकार पुरानाभन्दा छिटो बदनाम हुन्छ" भन्ने सन्देश पठाएको स्रोतहरूको दाबी छ ।

यो सन्देश बालेनसम्म पुगेपछि सम्बन्ध झनै चिसिँदै गएको देखिन्छ । बालेनले तुरुन्तै प्रतिप्रश्न उठाए—सरकार सञ्चालनमा को राख्ने, को हटाउने भन्ने अन्तिम निर्णयको सीमा कहाँसम्म हो ? पार्टी नेतृत्वले सरकारमाथि कति हस्तक्षेप गर्ने ? यही प्रश्नले दुई नेताबिचको असहजता सतहमै ल्याइदिएको छ । यद्यपि, केही मन्त्रीहरू दुवै पक्षको सहमतिमा चयन गरिएको भन्दै आन्तरिक सन्तुलन कायम गर्ने प्रयास भएको संकेत पनि देखिएको छ ।

यता अर्को गम्भीर पाटो समानान्तर रूपमा विकसित भइरहेको छ । रवि लामिछानेलसँग जोडिएको सम्पत्ति शुद्धीकरण तथा सङ्गठित अपराधसम्बन्धी मुद्दा फिर्ता ल्याउने प्रक्रियाले नयाँ मोड लिएको छ । सुशीला कार्की नेतृत्वको अघिल्लो सरकारकालमा अघि बढाइएको प्रक्रिया सहज निष्कर्षमा नपुग्दै संवैधानिक इजलाससम्म पुगेको छ । यसले सरकार स्वयं नै आफ्नै दलका नेताको मुद्दा फिर्ता गराउन सक्रिय भएको सन्देश बाहिर गएको छ ।

यही सन्दर्भमा दुवै नेताबिचको अविश्वास अझ प्रष्ट हुँदै गएको छ । बालेनले पूर्ववर्ती सरकारका कमजोरीहरू खोज्दै अघि बढिरहेका बेला आफ्नै पार्टी सभापतिको सहकारी काण्ड घाँटीमा अड्किएको हड्डी बन्ने कि भन्ने डरले उनी सतर्क देखिन्छन् । उता रवि लामिछाने पनि आफ्नो कमजोर बिन्दुमा प्रधानमन्त्री बालेन साह खेल्न नपाओस् भन्नेमा उत्तिकै सशंकित छन् । यद्यपि, बालेन पक्षको चाहना सहकारी ठगीको रकम सम्बन्धित व्यक्तिबाटै उठोस् र समाधान व्यवहारिक ढंगले निस्कोस् भन्ने देखिन्छ ।

यस्तो अवस्थाले अन्तर्राष्ट्रिय रूपमा समेत प्रश्न उठाउने सम्भावना बढाएको छ । विशेष गरी वित्तीय पारदर्शिता र कानुनी शासनको विषयमा कमजोर सन्देश जाँदा नेपाल 'ग्रे लिस्ट'मा पर्न सक्ने जोखिमबारे अर्थ तथा कूटनीतिक वृत्तमा चासो व्यक्त हुन थालेको छ । यसले सरकारभित्रको विश्वास मात्र होइन, अन्तर्राष्ट्रिय विश्वसनीयतामाथि पनि गम्भीर असर पार्न सक्छ ।

बालेन र रबि दुवै नयाँ राजनीतिक शक्तिका प्रतीक मानिन्छन् । तर शासन सञ्चालनको व्यवहारिक चरणमा आइपुग्दा उनीहरूबिचको दृष्टिकोण फरक देखिन थालेको छ ।

एकातिर बालेनको "आक्रामक, परिणाममुखी" शैली, अर्कोतिर रबिको "संस्थागत सन्तुलन र छवि"प्रति बढी सचेत दृष्टिकोण—यही अन्तर अहिले द्वन्द्वको बिउ बन्दै गएको छ ।

सत्ताको गणित मिलाउन बनेको सहकार्य अब नीतिगत समन्वयको अभावले चुनौतीमा परेको देखिन्छ । बाह्य दबाब, आन्तरिक विवाद र व्यक्तिगत शैलीबिच सन्तुलन कायम गर्न नसके यो सरकार लामो समय टिक्न गाह्रो हुने संकेतहरू देखा पर्न थालेका छन् ।

अन्ततः, यो केवल दुई नेताबिचको व्यक्तिगत असहजता होइन ।

यो नयाँ राजनीतिक शक्तिहरूले शासनको वास्तविक परीक्षा कसरी सामना गर्छन् भन्ने गम्भीर प्रश्न पनि हो ।

# फौजदारी न्याय प्रणालीमा आधुनिक प्रविधिको प्रयोग

**वीणा झा**

न्याय सम्पादन केवल एउटा कानुनी प्रक्रिया मात्र नभई समाजमा दीर्घकालीन प्रभाव पार्ने संवेदनशील कार्यसमेत हो । प्रत्येक फैसला, प्रत्येक अनुसन्धान र प्रत्येक अभियोगले समाजमा एउटा अलिखित नजिर निर्माण गरिरहेको हुन्छ, जसले समाजमा राज्यप्रति आस्था, विश्वास वा वितृष्णासमेत जन्माइरहेको हुन्छ । न्याय निरुपण निष्पक्ष, प्रमाणमा आधारित र वैज्ञानिक ढंगले सम्पन्न भयो भने राज्यप्रति जनविश्वास बलियो बन्छ, अन्यथा अन्यायका अनुभूति र उदाहरण बढ्दै जाँदा नागरिकमा निराशा र न्याय प्रणालीप्रति अविश्वास बढ्नुका साथै कहिलेकाहीँ असन्तुष्टि आक्रोशका रूपमा प्रकट हुन सक्छ ।

नेपालको फौजदारी न्याय प्रणाली समयसँगै परिवर्तनशील र विकसित हुँदै आएको देखिन्छ । परम्परागत अनुसन्धान विधिबाट सुरु भएको यो प्रणाली अहिले सूचना प्रविधि, डिजिटल प्रमाण र वैज्ञानिक अनुसन्धान विधिको प्रयोगतर्फ उन्मुख हुँदै छ । तथापि, व्यावहारिक रूपमा हेर्दा अझै पनि आधुनिक प्रविधिको पूर्ण र प्रभावकारी उपयोग हुन सकेको देखिन्न । विशेषगरी जबर्जस्ती करणी तथा कर्तव्य ज्यानजस्ता गम्भीर अपराधको अनुसन्धान र न्याय सम्पादनमा 'मोबाइल ट्रेस लोकेसन'जस्ता प्रविधिको प्रयोग अत्यन्त महत्वपूर्ण भए पनि यसको प्रयोग अपेक्षित रूपमा हुन सकेको देखिँदैन ।

मोबाइल फोन आजको समयमा प्रत्येक व्यक्तिको दैनिक जीवनको अभिन्न हिस्सा बनिसकेको छ । मोबाइल प्रयोगकर्ताको लोकेसनसम्बन्धी डाटा, फोन कल विवरण (सिडिआर), टावर ट्रेसिङ तथा सिसिटिभीजस्ता प्रविधिले कुनै व्यक्तिको निश्चित स्थानमा निश्चित समयको उपस्थिति पत्ता लगाउन मद्दत गर्छन् । हरेक ठाउँमा त्यसको क्षेत्रफल कभरेजका आधारमा सांकेतिक नामसहितको मोबाइलका टावर जडान गरिएका हुन्छन् । ती स्थानभरि मोबाइलको ठाउँ परिवर्तन हुँदा मोबाइल टावर परिवर्तन भएको देखाउँछ । तर, सो स्थानको नाम परिवर्तन हुँदैन, जबसम्म त्यो मोबाइल अर्को स्थानको टावरसँग जोडिँदैन । त्यसैगरी, मोबाइल फोनमा कुरा भएको अवस्थामा कुन ठाउँको कुन टावरसँग जोडिएको छ भनेर स्पस्ट उल्लेख हुन्छ, मोबाइलको ट्रेस लोकेसनमा । जसका आधारमा व्यक्तिको भौगोलिक उपस्थिति अनुमान गर्न सकिन्छ । यसले अपराध अनुसन्धानमा महत्वपूर्ण साक्ष्यका रूपमा काम गर्न सक्छ । विशेषगरी, जबर्जस्ती करणी वा कर्तव्य ज्यानजस्ता घटनामा आरोपी र पीडित सम्बन्धित घटनास्थलमा उपस्थित थिए वा थिएनन् भन्ने पुष्टि गर्न मोबाइल ट्रेस लोकेसन अत्यन्त प्रभावकारी साधन हो ।

उदाहरणका रूपमा सुर्खेतमा घटेको इनिशा विकसँग सम्बन्धित जबर्जस्ती करणी मुद्दालाई लिन सकिन्छ । यस्ता मुद्दामा घटनास्थल, समय र आरोपित व्यक्तिको उपस्थिति अत्यन्त संवेदनशील विषय हुन् । सो घटनामा संलग्न भनिएका नाबालकको मोबाइल ट्रेस लोकेसनमा कुन स्थान देखाएको छ, उनीहरू घटनास्थलमा कति बेला पुगे, घटनाको समयमा उनीहरूको फोनमा कसैसँग कुराकानी भएको थियो कि थिएन, के कस्ता संवाद भएका थिए, बाटामा जडान गरिएका सिसिटिभीमा तिनीहरूको आवतजावतको अवस्था कस्तो देखिन्छ जस्ता विषय महत्वपूर्ण छन् । यस्ता प्रमाणले अनुसन्धानलाई अझ बलियो र विश्वसनीय बनाउन सक्छन्, जसले गर्दा दोषी नउम्कने र निर्दोष नफस्ने सुनिश्चितता हुन्छ ।

अभियोग पत्र दर्ता हुनुपूर्व नै यस्ता डिजिटल प्रमाणको संकलन र गम्भीर अनुसन्धान विश्लेषण गर्ने हो भने सत्यतथ्य बाहिर ल्याउन सहज हुन्छ । यसले अनुसन्धान निकायको समय, स्रोत र श्रमको बचत मात्र होइन, न्याय प्रणालीप्रति जनविश्वास बढाउन पनि सहयोग पुऱ्याउँछ । साथै, झुटो वा अपूर्ण आधारमा आरोप लगाउने व्यक्ति पनि सचेत र जिम्मेवार बन्ने सम्भावना बढ्छ ।

यस्तो पूर्वअनुसन्धानको प्रभावकारिता विशेषगरी संवेदनशील मुद्दामा अझ महत्वपूर्ण हुन्छ । किनकि, एकपटक अभियोग पत्र दर्ता भएपछि आरोपित व्यक्तिको सामाजिक प्रतिष्ठामा गम्भीर असर पर्न सक्छ । समाजमा उसलाई हेर्ने दृष्टिकोण नै बदलिन्छ, पारिवारिक र व्यावसायिक जीवनमा असर पर्छ र कहिलेकाहीँ निर्दोष हुँदाहुँदै पनि दीर्घकालीन क्षति व्यहोर्नुपर्ने अवस्था आउन सक्छ ।

त्यसैगरी, जबर्जस्ती करणी र सहमतिमा गरिएको यौनसम्बन्धबिचको भिन्नता छुट्याउनु पनि अत्यन्त आवश्यक छ । अनुसन्धानका क्रममा यस विषयमा गहिरो अध्ययन र वैज्ञानिक प्रमाणको विश्लेषण गरिनुपर्छ । केवल बयान वा अनुमानका आधारमा निर्णय गर्दा निर्दोष व्यक्ति पनि दोषी ठहरिन सक्ने जोखिम रहन्छ ।

चिकित्सा क्षेत्रबाट केही महत्वपूर्ण तथ्य बुझ्दा कतिपय नवविवाहित दम्पती यौनसम्पर्कपछि अत्यधिक रक्तस्रावको समस्या लिएर अस्पताल पुगेका हुन्छन्, सम्भोगपश्चात् पाठेघरको भित्री भाग च्यातिने र तत्काल च्यातिएको पाठेघरको भित्री भाग नसिलाउने हो भने अत्यधिक रक्तस्रावका कारण मृत्युसमेत हुन सक्ने चिकित्सकको भनाइ छ ।

मोबाइल ट्रेस लोकेसनको सहयोगले जबर्जस्ती करणीजस्ता गम्भीर घटनाको अनुसन्धानमा प्रभावकारी प्रमाण संकलन गर्न सकिन्छ । उदाहरणका लागि कुनै व्यक्तिमाथि काठमाडौंको कलंकी क्षेत्रको स्थानमा जबर्जस्ती करणी गरेको भनी आरोप लगाइएको छ भने मोबाइल ट्रेस लोकेसनबाट आरोपित व्यक्ति सो समयमा कलंकीमा थिए कि थिएनन्, सो अवधिमा निजले फोनमा कसैसँग कुराकानी गरेका थिए वा थिएनन् भन्ने परीक्षण गर्न सकिन्छ । त्यसैगरी, आरोप लगाउने व्यक्तिको लोकेसन पनि घटनास्थलमा थियो कि थिएन भन्नेसमेत परीक्षण गर्दा घटनासम्बन्धी आरोपको गहिराइमा पुग्न सजिलो हुने देखिन्छ ।

नेपालमा यस्ता प्रविधिको प्रयोगमा देखिएको सीमितताका विभिन्न कारण छन् । पहिलो, दक्ष अनुसन्धान अधिकारीको अभाव । दोस्रो, आवश्यक उपकरण र पूर्वाधारको कमी । तेस्रो, कानुनी रूपमा डिजिटल प्रमाणको प्रयोगसम्बन्धी स्पष्ट मार्गदर्शनको अभाव । चौथो, न्याय सम्पादनमा सहभागी कानुन व्यवसायीमा प्रविधिप्रतिको बुझाइमा रहेको सीमितता । बास्तवमा अनुसन्धान प्रक्रियामा निष्पक्षता, पारदर्शिता र वैज्ञानिकता कायम राख्न अत्यन्त जरुरी छ । कुनै पनि आरोपलाई पूर्वाग्रहका आधारमा होइन, प्रमाणका आधारमा मूल्यांकन गरिनुपर्छ । विशेषगरी, जबर्जस्ती करणीजस्ता संवेदनशील मुद्दामा भावनात्मक दृष्टिकोणभन्दा पनि तथ्य र प्रमाणमा आधारित निर्णय आवश्यक हुन्छ ।

यसलाई अझ स्पष्ट पार्न केही उदाहरण उल्लेख गर्न सकिन्छ । विभिन्न देशमा यस्ता घटना सार्वजनिक भएका छन्, जहाँ आरोपीलाई जबर्जस्ती करणीको आरोपमा दोषी ठहर गरियो, वर्षौं जेल जीवन बिताउन बाध्य पारियो । तर, पछि प्रमाणका आधारमा उनीहरू निर्दोष साबित भए ।

उदाहरणका रूपमा अमेरिकामा 'सेन्ट्रल पार्क फाइभ'को घटनालाई लिन सकिन्छ, जहाँ पाँचजना किशोरलाई जबर्जस्ती करणीको आरोपमा दोषी ठहर गरी जेल सजाय दिइयो । वर्षौंपछि वास्तविक अपराधीले अपराध स्वीकारेपछि उनीहरू निर्दोष प्रमाणित भए । तर, त्यसबिच उनीहरूको जीवन, शिक्षा, परिवार, सामाजिक प्रतिष्ठा सबैमा गम्भीर क्षति पुगिसकेको थियो । उनीहरूले भोगेको मानसिक पीडा, सामाजिक अपमान र अवसरको ह्रासलाई पूर्णरूपमा पूर्ति कहिल्यै सम्भव हुँदैन ।

त्यसैगरी, बेलायत, क्यानडा तथा भारतमा समेत यस्ता कैयौँ घटना सार्वजनिक भएका छन्, जहाँ झुटा आरोपका कारण निर्दोष पुरुषले लामो समयसम्म सामाजिक बहिष्कार, पारिवारिक विघटन र मानसिक तनाव सहनुपरेको छ । भारतमा केही मुद्दामा अदालतहरूले नै स्पष्ट रूपमा भनेका छन् कि सहमतिमा भएको सम्बन्धलाई पछि बदला, दबाब वा सामाजिक कारणले जबर्जस्ती करणीका रूपमा प्रस्तुत गरिएको थियो । नेपालका सन्दर्भमा यस्ता घटना कम सार्वजनिक हुने भए पनि हुँदै नभएका भने होइनन् । धेरैजसो अवस्थामा सामाजिक लज्जा, कानुनी प्रक्रियाप्रति अविश्वास वा सार्वजनिक हुने डरका कारण यस्ता घटना बाहिर आउँदैनन् । तर, अनुसन्धानमा कमजोरी हुँदा निर्दोष व्यक्तिहरू आरोपका घेरामा पर्ने जोखिम भने यथावत् रहन्छ ।

यहाँ गम्भीर प्रश्न उठ्छ- कुनै व्यक्ति वर्षौंसम्म झुटो आरोपका कारण कैदमा बस्न बाध्य भयो, उसको परिवार विखण्डित भयो, समाजमा अपमानित हुनुपऱ्यो भने त्यसको क्षतिपूर्ति कसले गर्ने ? सामाजिक प्रतिष्ठा, आत्मसम्मान, पारिवारिक सम्बन्ध र मानसिक स्वास्थ्यमा परेको क्षतिलाई के कहिल्यै पूर्ति गर्न सकिएला ?

वास्तवमा, यस्ता क्षति अपूरणीय हुन्छन् । एकपटक समाजमा 'अपराधी'को छवि बनेपछि निर्दोष सावित भए पनि त्यो दाग पूर्णरूपमा मेटाउन कठिन हुन्छ । परिवारका सदस्यले भोग्ने सामाजिक दबाब, छोराछोरीको भविष्यमा पर्ने असर र व्यक्तिको आत्मविश्वासमा आउने गिरावटलाई कुनै पनि कानुनी क्षतिपूर्तिले पूर्णरूपमा सम्बोधन गर्न सक्दैन । यसैले, अनुसन्धानको प्रारम्भिक चरणमै यस्ता त्रुटि रोक्नु अत्यन्त आवश्यक छ । आधुनिक प्रविधिको सही र प्रभावकारी प्रयोगले नेपालको फौजदारी न्याय प्रणालीलाई अझ विश्वसनीय, निष्पक्ष र न्यायपूर्ण बनाउन सक्छ । मोबाइल ट्रेस लोकेसनजस्ता सामान्य देखिने तर अत्यन्त महत्वपूर्ण प्रविधिको उचित प्रयोगले अपराधीलाई कडाभन्दा कडा सजाय दिलाउन सहयोग पुऱ्याउन मद्दत गर्न सक्छ भने कुनै पनि निर्दोष व्यक्ति नफस्ने वातावरण सिर्जना गर्नसमेत यसले सहयोग गर्छ ।

बदलिँदो सामाजिक संरचना र परिवेशलाई ध्यानमा राख्दै अनुसन्धान र न्याय सम्पादनमा यस्ता प्रविधिको समुचित उपयोग गर्नु आजको आवश्यकता मात्र नभई अनिवार्यता नै बनिसक्यो । अन्ततः न्याय प्रणालीको मुख्य उद्देश्य केवल दोषीलाई सजाय दिनु मात्र होइन, निर्दोषलाई संरक्षण गर्नु पनि हो । त्यसैले, आधुनिक प्रविधिको प्रभावकारी प्रयोग, गहिरो अनुसन्धान र प्रमाणमा आधारित फौजदारी न्याय प्रणाली आजको अपरिहार्य आवश्यकता बनेको छ ।

नयाँ पत्रिकाबाट

# विमानस्थल पूर्ण सञ्चालनका लागि एकढिक्का भएका छौं : थापा




**मोहम्मद हबिब**

*भैरहवा*

नयाँ वर्ष २०८३ को पूर्वसन्ध्यामा रुपन्देहीको भैरहवामा 'पाँचौं सिद्धार्थ रैथाने सडक खाना महोत्सव' भव्य रूपमा सम्पन्न भएको छ । होटल तथा रेष्टुरेन्ट व्यवसायी संगठन, रुपन्देहीको आयोजनामा भएको यस महोत्सवले भैरहवालाई 'फुड हब' र प्रमुख पर्यटकीय क्षेत्रको रूपमा स्थापित गर्ने लक्ष्य राखेको थियो ।

होटल व्यवसायी महासंघ नेपाल लुम्बिनी प्रदेशको संरक्षकत्व तथा सिद्धार्थनगर नगरपालिकाको सह-आयोजनामा सञ्चालित महोत्सवमा स्थानीय रैथाने खानाका परिकारहरूको प्रवर्द्धनका लागि ६० भन्दा बढी स्टलहरू राखिएका थिए । आयोजकका अनुसार महोत्सवमा भारतीय र स्वदेशी गरी ३० हजारभन्दा बढी दर्शकको सहभागिता रहेको थियो भने करिब १ करोड रुपैयाँ बराबरको आर्थिक कारोबार भएको छ ।

महोत्सवको उद्घाटन गर्दै प्रतिनिधिसभा सदस्य डा. लेखजंग थापाले यो महोत्सव केवल खानपानको उत्सव मात्र नभई नेपाली पहिचान, इतिहास र सामाजिक संस्कारको प्रतिविम्ब भएको बताए । उनले भने-'हामी कस्तो खान्छौं, कस्तो लाउँछौं र हाम्रो सामाजिक तौरतरिका कस्तो छ भन्ने कुरा यस महोत्सवले झल्काएको छ । यसले आगामी पुस्तालाई समेत आफ्नो संस्कृति जोगाउन सामाजिक शिक्षा दिनेछ ।'

निर्वाचित सांसदपछि पहिलो औपचारिक कार्यक्रममा बोल्दै उनले २० वर्षअघि राष्ट्रको विकास हुने आशामा ६०० भन्दा बढी परिवार (करिब २००० व्यक्ति) ले आफ्नो घरजग्गा सरकारलाई सुम्पिए, तर अहिलेसम्म उनीहरूको त्यो 'बलिदान' को उचित कदर वा प्रतिफल अहिले नदेखिएको बताए । उनले विमानस्थलकै आशले विमानस्थल पूर्णरूपमा सञ्चालन नहुँदा अर्बौं लगानी गर्ने होटल व्यवसायी र उद्यमीहरू आर्थिक रूपमा धराशायी हुने अवस्थामा पुगेका र निजी क्षेत्रमा ठूलो निराशा, चिन्ता पैदा गरेको बताउँदै गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको पूर्ण सञ्चालनका लागि सदनमा निरन्तर आवाज उठाइरहने बताए ।

यो कुनै एउटा दलको मात्र नभई सम्पूर्ण रूपन्देही र देशकै साझा मुद्दा हो । जनप्रतिनिधिहरूले संसदमा दलभन्दा माथि उठेर यसबारे आवाज उठाइरहेका छन् । देशका लागि जग्गा सुम्पिएका घरपरिवारको योगदानलाई न्याय दिन हामी सबै दलका सांसदहरू एकढिक्का भएका छौं । अर्बौं लगानी गरेका होटल व्यवसायीहरू निरुत्साहित हुनुपर्ने अवस्थाको अन्त्य गर्न हामी प्रतिबद्ध रहेको उनले बताए । उनले विमानस्थलको नियमित सञ्चालन हुनु भनेको केवल स्थानीय माग मात्र नभई समग्र देशकै आर्थिक समृद्धिको लागि अनिवार्य सर्त रहेको जनाए ।

त्यसैगरी, अर्का प्रतिनिधिसभा सदस्य ज्ञानु पौडेलले सडक महोत्सवले श्रम र पसिना बगाउने मानिसहरूको सम्मान गर्ने बताइन । बुद्ध भूमिको शान्ति सन्देशसँगै स्थानीय उत्पादन र कलाकारलाई विश्वमाझ चिनाउन यस्ता कार्यक्रमले मेरुदण्डको काम गर्ने उनको भनाइ थियो ।

सिद्धार्थनगर नगरपालिकाका उप-प्रमुख उमा अधिकारीले अङ्ग्रेजी नयाँ वर्षमा मात्र नभई नेपाली नयाँ वर्षमा पनि यस्ता मौलिक कार्यक्रम हुनुपर्नेमा जोड दिँदै नगरपालिका सधैं सहयोग गरिरहेको बताइन् । उनले खुला सिमानाका कारण हुने तस्करी र सुरक्षा चुनौतीका विषयमा सदनमा आवाज उठाउन सांसदहरूलाई आग्रह गर्दै नयाँ वर्षले शान्ति र समृद्धि ल्याउने विश्वास व्यक्त गरिन् ।

होटल व्यवसायी महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष महेन्द्र श्रेष्ठले सिद्धार्थनगर नगरपालिकाको सहयोगले व्यवसायीहरूमा ऊर्जा थपेको बताउँदै लुम्बिनी प्रदेशका १२ वटै जिल्लाका व्यवसायीहरूको तर्फबाट महोत्सवको सफलताको शुभकामना दिँदै पर्यटन बजारीकरणमा यस्ता मेलाको भूमिका महत्वपूर्ण हुने बताए ।

संगठनका अध्यक्ष राजेश महोत्राले सडक महोत्सवले पर्यटन प्रवर्द्धन, स्थानीय उत्पादन, कला र खानाको प्रवर्द्धनका साथै बुद्ध भूमि लुम्बिनीको पहिचान र आर्थिक चलायमान गराएको बताए । यसपटकको पाँचौं संस्करण विगतभन्दा फरक र व्यवस्थित बनाइएको बताउँदै उनले औपचारिक कार्यक्रमलाई संक्षिप्त बनाउँदै स्थानीय स्वाद र सांस्कृतिक पक्षमा केन्द्रित गरिएको जनाए । उनले महोत्सवमा थारु, नेवारी, मगर, गुरुङका परिकारका साथै ठूला होटलका 'सिग्नेचर डिश'हरू समेत सस्तो मूल्यमा उपलब्ध गराइएको जानकारी दिए ।

संगठनका महासचिव सुनिल घिमिरेले विगत पाँच वर्षदेखि भैरहवाको पर्यटन चलायमान बनाउन यो महोत्सव निरन्तर आयोजना भइरहेको, महोत्सवमा खानपानसँगै राष्ट्रिय तथा स्थानीय कलाकारहरूको प्रस्तुतिले थप रौनक थपेको बताए । गायिका सिमरन परियारलगायतका कलाकारहरूको साङ्गीतिक प्रस्तुतिमा दर्शकहरू झुमेका थिए । सुनौली नाकादेखि विभिन्न स्थानमा गरिएको प्रचारप्रसारका कारण भारतीय पर्यटकहरूको उल्लेख्य उपस्थिति रहनुले 'बोर्डर टुरिज्म'मा समेत टेवा पुगेको आयोजकको भनाइ रहेको छ ।

# स्वास्थ्यमा आठ प्रतिशत बजेट पुऱ्याउने सरकारको प्रतिबद्धता

बुटवल । सरकारले स्वास्थ्य क्षेत्रको बजेट हिस्सा विसं २०८८ सम्म आठ प्रतिशत पुऱ्याइने प्रतिबद्धता जनाएको छ । सरकारले बुधबार सार्वजनिक गरेको राष्ट्रिय प्रतिबद्धतामा पाँच वर्षमा स्वास्थ्य क्षेत्रमा आठ प्रतिशत बजेट पुऱ्याउने उल्लेख गरेको हो । विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसार कुल बजेटको १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रमा विनियोजन गर्नुपर्ने हुन्छ ।

प्रतिबद्धतामा स्वास्थ्य बिमा कार्यक्रमलाई थप सुदृढ मोडलमा गुणस्तरीय तथा प्रत्येक नागरिकको पहुँच पुग्ने गरी विस्तार गरिने उल्लेख छ ।

'एक नागरिक एक डिजिटल स्वास्थ्य प्रोफाइल' लागू गरिनाका साथै छरिएर रहेका स्वास्थ्यसम्बन्धी सुविधा र सहुलितयलाई सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत गरिने पनि उल्लेख गरिएको छ ।

यसैगरी प्रत्येक प्रदेशमा एक अत्याधुनिक अपाङ्गता पुनःस्थापना विशिष्टीकृत स्रोत केन्द्र स्थापना गरी एकीकृत स्वास्थ्य सेवा सुनिश्चित गरिने उल्लेख छ ।

**जलन पीडितलाई निःशुल्क उपचार**

सरकारले जलन पीडितलाई निःशुल्क र गुणस्तरीय उपचार तथा मानसिक स्वास्थ्य सेवालाई नागरिकको पहुँचमा पुऱ्याइने जनाएको छ ।

प्रतिबद्धतामा ज्येष्ठ नागरिक तथा अशक्त नागरिकको घरदैलोमा आधारभूत स्वास्थ्य सेवा पुऱ्याइने, समग्र स्वास्थ्य प्रणाली सुधारका लागि आधारभूत स्वास्थ्यमा न्यूनतम मापदण्ड तयार गरी एकीकृत मोडल लागू गरिने, सङ्घ, प्रदेश र स्थानीय तहका स्वास्थ्य संरचनाको पुनःसंरचना गरी स्वास्थ्यकर्मी, उपकरण, भवन तथा सेवाको वर्गीकरण गुणस्तर निर्धारण गरिने उल्लेख छ ।

ग्रामीण र दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा पहुँच विशेष प्राथमिकताका साथ सञ्चालन गरिने छ ।

**प्राथमिक स्वास्थ्य केन्द्रमा चिकित्सक**

प्रतिबद्धतामा प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा कम्तीमा एक जना चिकित्सा शिक्षामा स्नातकोत्तर तह उत्तीर्ण गरेका (एमडिपिजी चिकित्सक, नर्स, प्रयोगशाला र फार्मेसी सेवा उपलब्ध गराइने बताइएको छ ।

यस्तै, गरिब, मजदुर, किसान, अपाङ्गता भएका व्यक्तिको बिमा वा निःशुल्क उपचार तथा अनिवार्य श्रम गर्नेलाई निःशुल्क स्वास्थ्य सेवाको नीति लागू गरिने प्रतिबद्धतामा उल्लेख छ ।

रोग लागेपछि उपचार होइन रोग नै लाग्न नदिने अवस्था सृजना, स्वस्थ हावापानी, वातावरण र सक्रिय जीवनशैली प्रोत्साहन गरी 'म स्वस्थ मेरो परिवार स्वस्थ्य' भन्ने महाअभियान सञ्चालन गरिने प्रतिबद्धतामा उल्लेख छ ।

स्वास्थ्य सेवामा आयुर्वेद, प्राकृतिक उपचार र योगध्यानलाई जोडी प्रमुख पर्यटकीय क्षेत्रहरूमा 'वेलनेस जोन' र योग प्रयोगशाला निर्माण गरिनाका साथै पाठ्यक्रममा योग, ध्यान र आयोग्य पर्यटन समावेश गरिने प्रतिबद्धतामा उल्लेख छ ।

उक्त प्रतिबद्धतालाई आगामी आर्थिक वर्ष २०८३/८४ को र त्यसपछिका वार्षिक नीति तथा कार्यक्रम, बजेट र सुधार 'एजेन्डा'मा आबद्ध गरिने जनाइएको छ ।

# सुन्तला र अलैंचीखेतीमा रमाउँदै केसी



गलकोट । बागलुङ नगरपालिका-५ मालिकाका कमलबहादुर केसी उमेरले ६८ वर्ष पुगे । भारतमा नोकरीपश्चात् गाउँ फर्किएका केसी कृषिमा तल्लीन छन् । विसं २०५७ मै सुन्तलाको व्यावसायिक खेती गरेका केसी भारतमा २४ वर्ष सेक्युरिटी गार्डको जागिर खाएर नेपाल फर्किएका हुन् ।

पाल्पाबाट ५०० सुन्तलाका बिरुवा लिएर १५ रोपनी जग्गामा लगाएका केसीले गाउँलेका कारण सुन्तलाका बिरुवा उखेलेर फालेको सुनाए । "सुन्तलाका यति धेरै बिरुवा के गर्ने, खेतिपाती छोडेर फलफूलले मात्रै पेट भरिन्न भनेर घरपरिवार र गाउँलेले गाली गरेपछि १५ रोपनी जग्गामा लगाएको सुन्तलाखेती २०६० सालमा उखेलेर फालेको थिए", केसीले भने-"२२ वर्षपछि पुनः धानबारीको खेती मासेर सुन्तला लगाएको छु, दुईवटा पोखरीमा ग्रासकाप र सिल्भर जातको माछा पालेको छु भने ४५ रोपनी जग्गामा अलैंचीखेती विस्तार गरेको छु ।"

पहिला सुन्तला लगाउँदा उत्पादनलाई बजारीकरणको चिन्ता थियो । विसं २०५७ मा सुन्तला लगाउँदा धान फल्ने खेत मासेको भन्दै गाली खाएको स्मरण गर्दै केसीले अहिले गाउँकै अगुवा किसान भएको बताउँछन् । भारतमा लामो समय काम गरेको सुनाउँदै भारतमा माछा खाने लतका कारण मालिकामा दुई वटा पोखरीमा माछापालन गर्दै आएको केसीले सुनाए ।

"अहिले १४ रोपनी जग्गामा २४५ सुन्तलाका बिरुवा लगाएको छु, दुई वटा पोखरीमा माछा पाल्दै आएको छु, ४५ रोपनी जग्गा भाडामा लिएर अलैंचीखेती थालेकै पाँच वर्ष भयो", केसीले भने-"गत वर्ष तीन लाख अलैंची र दुई लाख सुन्तलाबाट आम्दानी भएको थियो, अहिले लोकल कुखुरा, माछापालन, केरालगायत थप कृषिका कामलाई बढवा दिएको हुँ ।"

वडास्तरीय कृषि समितिका संयोजक भएर मालिकाका वडाभरका ४२ किसानलाई प्लाष्टिक टनेल, मिनिटेलर हलो, सिँचाइ पाइप, सुन्तलाका बिरुवा अनुदानलगायत काममा सहायता गरेको केसीको भनाइ छ । केसी पूर्ववडा सदस्य हुन् ।

बम्बईको महाराष्ट्रमा सुरक्षा गार्डमा काम गरेको सुनाउँदै २०७० सालदेखि निरन्तर माछापालन गर्दै आएको केसीले सुनाए । सामूहिक रूपमा अलैंचीखेती गर्दै आएका केसीले १७ हजार मासिक भाडा तिरेर ४५ रोपनी जग्गामा अलैंची उत्पादन गर्दै आएको बताए ।

"कृषिमा अथाहा सम्भावना छ, अहिले लोकल कुखुराको फार्म तयार गरेको छु, सुन्तला र अलैंचीखेतीबाट वार्षिक १२ लाखसम्म आम्दानी गर्ने लक्ष्यका साथ फार्म विस्तार गरेका छौं", उनले भने-"मालिका वडा कार्यालयले कृषकलाई अनुदानमा सुन्तलाका बिरुवा, माछापालनमा सहयोग गरेको छ ।"

विसं २०७४ मा मालिकाको वडासदस्यमा निर्वाचित केसीले जनप्रतिनिधिपछि पुनः कृषिमा फर्केको बताए । पोखराबाट माछाका भुरा लिएर आएको बाताउँदै उनले नगरपालिकाको सहयोगमा माछाका भुरा अनुदानमा लिएको जनाए । वार्षिक १०० केजी माछा बिक्री गरेको केसीको भनाइ छ ।


## श्री पोखरभिण्डी माध्यमिक विद्यालय
रोहिणी-२, रुपन्देही

### शिक्षक आवश्यकता सम्बन्धमा ।

प्रकाशित मिति २०८३।०१।०२

उपरोक्त सम्बन्धमा यस विद्यालयमा रिक्त रहेको शिक्षक पद पूर्ति गर्नको लागि विद्यालय व्यवस्थापन समितिको मिति २०८२।१२।२० गतेको निर्णयानुसार तथा रोहिणी गा.पा. शिक्षा शाखा, रुपन्देहीको मिति २०८२।१२।२४ गते प्राप्त बिज्ञापन अनुमति पत्र अनुसार तपशीलमा उल्लेख भए बमोजिम योग्यता पुगेको नेपाली नागरिकहरुको लागि दरखास्त आह्वान गरिएको छ ।

तपशिल

| | |
|---|---|
| विज्ञापन नं. : १।२०८२।०८३ | विज्ञापन नं. २।२०८।२०८३ |
| पदः शिक्षक | पदः शिक्षक |
| किसिम : राहत (करार) | किसिमः संघिय शिक्षण सहयोग अनुदान |
| तहः प्रा.वि. | विषय : गणित |
| विषय : | तहः मा.वि. |
| शैक्षिक योग्यता : आई.एड.वा सो सरह | शैक्षिक योग्यताः सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण वा सो सरह |
| आवेदन दस्तुरः रु १५०० (पछि फिर्ता नहुने) | आवेदन दस्तुर : रु २००० (पछि फिर्ता नहुने) |
| तलबः नेपाल सरकारले तोके बमोजिम । | तलबः नेपाल सरकारले तोके बमोजिम |
| उमेरः १८ बर्ष पुरा भई ४० वर्ष ननाघेको । | उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको । |
| संख्याः १ | संख्या : १ |
| दरखास्त दिने अन्तिम मिति :२०८३।०१।१६ | दरखास्त दिने अन्तिम मिति :२०८३।०१।१६ |
| सम्पर्क मिति : २०८३।०१।१७ गते (बेलुका ४०० बजे सम्म) | सम्पर्क मिति : २०८३।०१।१७ गते (बेलुका ४.०० बजे सम्म) |
| परीक्षाको किसिम : लिखित तथा अन्तर्वार्ता । | परीक्षाको किसिम : लिखित तथा अन्तर्वार्ता । |

**आवश्यक कागजातहरु :**
क) हस्त लिखित निवेदन १ प्रति
ख) नेपाली नागरिकताको प्रतिलिपि २ प्रति
ग) शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि २-२ प्रति
घ) अध्यापन अनुमति पत्रको प्रतिलिपि २ प्रति
ङ) निरोगिताको सक्कल प्रमाण पत्र १ प्रति
नोटः दस्तुर रकम विद्यालयको चल्ती खाता नं. २०४०१५१५९७८०००१७ प्रभु बैंकमा जम्मा गरी सोको भौचर पेश गर्नुपर्ने साथै रीत नपुगेका दरखास्त स्वतः रद्द हुने छ ।
थप जानकारीका लागि
सम्पर्क नं. ९८४७४२१२५२, ९८०६९४२६२२, ९८१९४८४५७२

प्रधानाध्यापक
श्री पोखरभिण्डी माध्यमिक विद्यालय
रोहिणी गाउँपालिका-२ भटपुरवा, रुपन्देही

**खरकट्टीताल सा.व.उ.स. सुनवल ४ नवलपरासी (ब.सु.प.) को**

### वनपैदावार लिलाम बिक्री सम्बन्धी सुचना

दोस्रो पटक प्रकाशन मिति २०८३/०१/०३

डिभिजन वन कार्यालय सुनवलको च.नं. १५१६ मिति २०८२/११/२५ गतेको लिलाम सहमति अनुसार यस सा.व.उ.स.को स्वीकृत कार्ययोजना अनुसार चालु आ.व.मा उत्पादन भई सुनवल ४ कार्यालय कम्पाउण्डमा घाटगद्धी भएको साल समेत गोलिया थान १८० को १५०९.४१ क्यु. फि. काठ समुह बाहिर लिलाम बिक्री गर्नका लागि यो सुचना दोश्रो पटक प्रकाशित गरिएको छ । प्रकाशित भएको मितिले १५ दिनभित्र बोलपत्र खरिद गरि १६ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्वन्धि विस्तृत जानाकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**मधु सा.व.उ.स. सुनवल १० नवलपरासी (ब.सु.प.) को**

### वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशन मिति २०८३/०१/०३

डिभिजन वन कार्यालय सुनवलको च.नं. १५२७ र १६२७ मिति २०८२/११/२६ र २०८२/१२/०४ गतेको लिलाम सहमति अनुसार यस सा.व.उ.स. को स्वीकृत कार्ययोजना अनुसार चालु आ.व. मा उत्पादन भई सुनवल १० शिवमन्दिर टोलमा घाटगद्धी भएको साल समेत गोलिया थान ३६१ को ३१८२.८२ क्यु. फि. काठ समुह बाहिर लिलाम बिकी गर्नका लागि यो सुचना दोश्रो पटक प्रकाशित गरिएको छ । प्रकाशित भएको मितिले १५ दिनभित्र बोलपत्र खरिद गरि १६ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्वन्धि विस्तृत जानाकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि.को**

### सकार गरेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी जरुरी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२ चैत्र १७ गते मंगलबार
दोस्रो पटक प्रकाशित मितिः २०८३ साल वैशाख ३ गते बिहीवार

यस सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि. बाट प्रवाह गरिएको ऋणको असुली प्रक्रियाको क्रममा धितो सकार भई संस्थाको नाममा दर्ता रहेको तपशील बमोजिमको घर जग्गा तथा अन्य सम्पत्तिहरु सम्बन्धित ऋणीहरुले ऋणको सावाँ तथा ब्याज भुक्तानी नगरेको हुँदा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ एवं लुम्बिनी प्रदेश सहकारी ऐन २०७६ तथा लुम्बिनी प्रदेश सहकारी नियमावली २०७६ बमोजिम धितो लिलाम बिक्रीको सूचना प्रकाशित गर्दा समेत धितो लिलाम बिक्री हुननसकेको हुदा सहकारी ऐन २०७४ तथा सहकारी नियामावली २०७५ को परिच्छेद ८ को नियम ३५ अनुसार विभिन्न मितिमा धितो सकार गर्दै मिति २०८२/०३/१५ मा सकार सम्बन्धी सम्पूर्ण कार्यहरु सम्पन्न गरिएको छ ।

सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ को परिच्छेद ८ को नियम ३६ बमोजिमको हदम्याद पुरा भएको साथै राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मिति २०८२/०२/०९ गते जारी गरेको नियामकीय मापदण्ड, २०८२ को बुँदा ७.२ अनुसार उक्त सम्पत्तिहरु जहाँ जुन अवस्था तथा परिमाणमा छन् सोही अवस्था तथा परिमाणमा गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएकोले दोस्रो पटक प्रकाशित भएको यो सूचनाको मितिदेखि १५ (पन्ध्र दिन) भित्र इच्छुक व्यक्ति, फर्म वा संस्थाहरुले यस संस्थाको कार्यालयमा सम्पर्क राखी तोकिए बमोजिम बोलपत्र फारम खरिद गरी आवश्यक कागजात सहित गोप्य बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशील :**
**लिलाम गर्नुपर्ने सम्पत्तिको विवरण**

| क्र.सं | जिल्ला | स्थानिय तह | वडा नं/नक्सा सिट नं | कित्ता नं | क्षेत्रफल (विघा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रुपन्देही | साविक गंगोलिया गा.वि.स (हाल तिलोत्तमा न.पा १७) | ७/क | ६४८ | ०-१०-५ | जग्गा |
| २ | रुपन्देही | साविक मानमटेरिया गा.वि.स (हाल शुद्धोदन गा.पा ६) | २ | ४६५ | १६७६ व.मि | जग्गा |
| ३ | रुपन्देही | साविक केरवानी गा.वि.स (हाल देवदह न.पा ३) | ४ क | ६१५ | ०-१-१ | जग्गा |
| ४ | रुपन्देही | साविक बुटवल न.पा (हाल बुटवल उप.म.न.पा ११) | ९ क | १०५६५ | ०-०-४.७५ | घरजग्गा |
| ५ | रुपन्देही | साविक हाटीफर्साटिकर गा.वि.स (हाल ओमसतिया गा.पा ३) | ९ ख | १४७ | ०-१२-१.५ | जग्गा |
| ६ | रुपन्देही | साविक टिकुलीगढ गा.वि.स (हाल तिलोत्तमा न.पा १३) | ५ क | २०३७ | ०-०-७.५ | जग्गा |
| ७ | रुपन्देही | साविक टिकुलीगढ गा.वि.स (हाल तिलोत्तमा न.पा १४) | ७ क | ८६६ | ०-१३-१४ | जग्गा |

**शर्तहरुः**
१. बोलपत्र सम्बन्धी फारम संस्थाको मुख्य कार्यालयबाट रु.१०००।- (अक्षरुपीः एक हजार रुपैया मात्र) (फिर्ता नहुने गरी) भुक्तानी गरी प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र स्वीकृत भएको सोही दिन वा अर्को दिन भित्र आफूले कबोल गरेको रकमको १० प्रतिशत रकम अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गरि संस्थाको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड बैंक मा रहेको खाता नं १५१०१०००००००६२०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ ।
३. बिक्री सम्बन्धी निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दावी गर्न पाइने छैन ।
४. लिलाम बिक्री गर्ने जग्गा स्थलगत रुपमा हेर्न चाहाने व्यक्ति/फर्म/कम्पनी वा संघ संस्थाले कार्यालय समयमा संस्थाको मुख्य कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
५. दा.खा. र नामसारी गर्दा नेपाल सरकारलाई बुझाउनुपर्ने सम्पूर्ण करहरु बोलकबोलवाला (खरिदकर्ता) ले व्यहोर्नु पर्दछ ।
६. बोलपत्र स्वीकृत भएको मितिले १५ दिन भित्र बाँकी रकम बैंक दाखिला गरी नामसारी गरी लिनु पर्दछ । अन्यथा धरौटी रकम संस्थाले जफत गर्न सक्नेछ ।
७. उक्त म्यादभित्र प्राप्त बोलपत्रहरुमध्ये सबै भन्दा बढी मूल्य प्रस्ताव गर्ने बोलपत्रदातालाई प्राथमिकता दिइनेछ । कुनै पनि बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
८. अन्यः
बोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८३/०१/१७ गते दिउसो ३ वजेसम्म
बोलपत्र खोल्ने मितिः २०८३/०१/१७ गते समयः दिउँसो ३:३० बजे
स्थानः सामूहिक विकास साकोसको मुख्य कार्यालय,
तिलोत्तमा न.पा ३, शंकरनगर, रुपन्देही फोन नंः ०७१-४१४३११, ९८५७०७६३११

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# रोयल इनफिल्डको गोवन क्लासिक ३५० को बुटवलमा बिक्री सुरु



बुटवल । मिड-साइज मोटरसाइकल सेग्मेन्टमा विश्वव्यापी अग्रणी रोयल इनफिल्डले नेपालमा २०२६ एडिसनको गोवन क्लासिक ३५० सार्वजनिक गरेको छ । रोयल इन्फिल्डको बुटवलको आधिकारिक शोरुम गैरे प्रतिष्ठान प्रालि बुटवल कालिकानगरमा पनि बुधबार प्रालिका सञ्चालक लक्ष्मी गैरे, शोरुम म्यानेजर नारायणप्रसाद खनाल, लेखा प्रमुख कमल घिमिरेलगायतले उक्त बाइक लञ्च गरेका छन् ।

बोबर-इन्स्पायर्ड डिजाइनमा आएको यो मोटरसाइकल स्वतन्त्र र मुक्त जीवनशैलीलाई प्रतिनिधित्व गर्ने शैलीसँगै राइडर-केन्द्रित नयाँ सुविधासहित बजारमा ल्याइएको कम्पनीले जनाएको छ ।

लञ्चका अवसरमा गैरे प्रतिष्ठान प्रा.लि.की सञ्चालिका लक्ष्मी गैरेले नेपालका राइडरहरू माझ यो मोडलले विशेष आकर्षण पाउने विश्वास व्यक्त गरिन् । उनका अनुसार गोवन क्लासिक ३५० ले स्वतन्त्र जीवनशैली रुचाउने राइडरहरूका लागि ब्रान्डको लाइन अपमा फरक पहिचान बनाउनेछ ।

लञ्चकै दिन ४ वटा बाइक बिक्री भएको र सात वटा बुक भएका गैरे प्रतिष्ठान प्रालिले जनाएको छ ।

नयाँ मोडलमा ३४९ सीसी एअर कूल्ड सिंगल सिलिण्डर इन्जिन जडान गरिएको र यसले ६ हजार एकसय आर पी एममा २० दशमलव २ बिएचपी पावर र ४ हजार आर पी एममा २७ एनएम टर्क उत्पादन गर्ने कम्पनीले जनाएको छ ।

गैरे प्रतिष्ठान प्रालिका शोरुम म्यानेजर नारायण प्रसाद खनालले गोवन क्लासिक ३५० बाइकमा इञ्जिनलाई लेड ब्याक बबर स्टाइल अनुरूप स्मूथ र आरामदायी राइडिङ अनुभव दिन विशेष रूपमा ट्युन गरिएको छ ।

यसको ५-स्पिड गियरबक्सले शहरको भीडभाडदेखि खुला राजमार्गसम्म सहज गियर परिवर्तन र आरामदायी यात्राको अनुभव सुनिश्चित गर्छ ।

मोटरसाइकलमा नयाँ असिस्ट र स्लिपर क्लच, अपग्रेड गरिएको यूएसबी टाइप सी चार्जिङ पोर्ट तथा डाउनशिफ्टमा राम्रो नियन्त्रण दिने प्रणाली समावेश गरिएको खनालले बताए। यसले राइडरलाई थप सहज, सुरक्षित र आरामदायी अनुभव दिने कम्पनीको दाबी छ ।

गोवन क्लासिक ३५० बाइकको डिजाइनतर्फ यसले आफ्नो सिग्नेचर सिंगल सिट बबर स्टाइलिङ कायम राखेको शोरुम म्यानेजर नारायण प्रसाद खनालले जानकारी दिए ।

यस्तै फ्लटिङ राइडर सिट, ह्वाइट वाल एज, टयुबलेस स्पोक टायर, मिडएप ह्याण्डल बारआदि फिचरले यसलाई बोल्ड कस्टम कल्चर झल्काउने प्रिमियम लूक दिएको खनालले जानकारी दिए । चार वटा कलरमा उपलब्ध गोवन क्लासिक ३५० को मूल्य श्याक ब्ल्याक एण्ड पर्पल हेजको ५ लाख ९८ हजार तथा ट्रिप टिल एण्ड रेभ रेडको मूल्य ६ लाख २ हजार रहेको छ ।

सन् १९०१ देखि निरन्तर उत्पादनमा रहेको रोयल इनफिल्ड संसारकै सबैभन्दा पुराना मोटरसाइकल ब्रान्डमध्ये एक हो । ब्रिटिश विरासतबाट सुरु भएको यो ब्रान्डले भारतको मिड-साइज दुईपांग्रे सवारी सेग्मेन्टको विकासमा अग्रणी भूमिका खेलेको छ ।

ब्रान्डको प्योर मोटरसाइक्लिङ दर्शनअनुसार कम्पनीले हन्टर ३५०, क्लासिक ३५०, हिमालयन ४५०, मिटियर ३५०, र इन्टरसेप्टरलगायतका प्रिमियम मोडलहरू उत्पादन गर्दै आएको छ । हालसालै कम्पनीले शहरी गतिशीलताका लागि नयाँ इलेक्ट्रिक मोबिलिटी ब्रान्ड फ्लाई फ्लीया समेत सार्वजनिक गरेको छ ।

आइसर मोटर्स लि. अन्तर्गत सञ्चालित रोयल इनफिल्डका भारत भर २ हजारभन्दा बढी स्टोर तथा विश्वका ८० भन्दा बढी देशमा उपस्थिति रहेको छ कम्पनीले जनाएको छ ।

# नेपाली सेनाको गोरखा-जितगढी पदयात्रा टोली पाल्पा

**कृष्ण पोखरेल**
*पाल्पा*

नेपाली सेनाको आयोजनामा सुरु भएको 'चौथो ऐतिहासिक गोरखा-जितगढी पदयात्रा' टोली बुधबार पाल्पा प्रवेश गरेको छ ।

ऐतिहासिक गढी, किल्ला र दरबारहरूको संरक्षण, सम्वर्द्धन तथा नेपालको गौरवशाली इतिहासबारे नागरिकलाई सुसूचित गर्ने उद्देश्यले गत चैत २७ गते गोरखाबाट सुरु भएको यो पदयात्रा बुधबार बिहान पाल्पा प्रवेश गरेको हो । गोरखा, तनहुँ र स्याङ्जा हुँदै आएको सैनिक टोलीले स्याङ्जा र पाल्पाको सिमानास्थित ऐतिहासिक केलादीघाटमा पाल्पामा तैनाथ फौजलाई राष्ट्रिय झण्डा र बलेको दियो (टर्च) हस्तान्तरण गरेको छ ।

पाल्पाको रामपुर केलादीघाटमा तनहुँबाट आएको नेपाली सेनाको पदयात्रा टोलीले रामपुर नगरपालिकाका नगरप्रमुख रमणबहादुर थापालाई राष्ट्रिय झण्डा हस्तान्तरण गरी पाल्पामा यात्रा सुरु गरेको हो । पदयात्राको क्रममा २ नम्बर राज दल गणका प्रमुख सेनानी अनुप थापाले २२ नम्बर बाहिनीका बाहिनीपति विमलराज शर्मालाई एकताको प्रतीकका रूपमा बलेको दियो हस्तान्तरण गरे ।

पदयात्रा टोलीलाई पाल्पाको दि फेमस महिन्द्र दल गणले पञ्चेबाजा र राष्ट्रिय धुनका साथ स्वागत गरेको थियो । पदयात्रामा सेनाका अधिकृतसहित ५३ जनाको टोली, जनप्रतिनिधि, विद्यार्थी, नागरिक समाज र सञ्चारकर्मीहरूको उत्साहजनक सहभागिता रहेको छ ।

पदयात्रामा सहभागी टोलीलाई स्वागत गर्दै प्रतिनिधिसभा सदस्य सन्दिप रानाले यस अभियानले सैनिक-नागरिक सम्बन्धलाई थप प्रगाढ बनाउने र पुर्खाले रक्षा गरेका ऐतिहासिक सम्पदाहरूको प्रचार-प्रसारमा टेवा पुग्ने बताए । नेपाली सेनाको पदयात्रा टोलीलाई स्वागत गर्दै पाल्पाकी प्रमुख जिल्ला अधिकारी बिनु बज्राचार्य कुँवरले एकीकरणका बेला प्रयोग भएका मार्गहरूको पहिचान र संरक्षणमा यो यात्रा महत्वपूर्ण रहेको बताइन् ।

यो पदयात्रा आगामी बैशाख ७ गते बुटवलको ऐतिहासिक जितगढी किल्ला पुगेर टुङ्गिनेछ । वि.सं. १८७२ बैशाख ७ गतेका दिन तत्कालिन पाल्पाका कर्णेल उजिरसिंह थापाको नेतृत्वमा रहेको नेपाली फौजले आधुनिक हतियारले सुसज्जित अंग्रेज सेनालाई पराजित गरेको थियो ।

नेपाली सेनाको वीरताको प्रतीक मानिने सोही दिनको स्मरणमा बुटवल उप-महानगरपालिका र नेपाली सेनाले संयुक्त रूपमा प्रत्येक वर्ष जितगढीमा 'विजयोत्सव' मनाउँदै आएका छन् । यस पदयात्राले नयाँ पुस्तालाई नेपालको स्वाभिमान र वीर पुर्खाको योगदानको झल्को दिने लक्ष्य राखेको छ ।

पदयात्रा टोलीलाई पाल्पाका ७ वटा स्थानीय सरकार रामपुर नगरपालिका, निस्दी गाउँपालिका, पुर्वखोला गाउँपालिका, रम्भा गाउँपालिका, माथागढी गाउँपालिका, तानसेन नगरपालिका र तिनाउ गाउँपालिकाले सहयोग र समन्वय गर्ने छन् ।


नयाँ वर्ष २०८३ सालको हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ सालको पावन अवसरमा सम्पूर्ण शेयर पदाधिकारी, कर्मचारी तथा शुभचिन्तक कर्मचारी तथा नेपाली आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख-शान्ति,समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सीताराम उप्रेती
अध्यक्ष (एवम्)

श्री दर्शन बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार
रुपन्देही

नयाँ वर्ष २०८३ सालको हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ सालको पावन अवसरमा सम्पूर्ण इष्टमित्र, शुभचिन्तक कर्मचारी तथा नेपाली आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सौभाग्य स्टोर्स परिवार
गल्लामण्डी, भैरहवा, रुपन्देही

नयाँ वर्ष २०८३ सालको हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ सालको पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग, इष्टमित्र, शुभचिन्तक कर्मचारी तथा नेपाली आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कस्तुरी आभूषण केन्द्र परिवार
मिलनचोक-५, सिद्धार्थनगर, भैरहवा, रुपन्देही
मो.नं.: ९८५७०२१४४४, ०७१-५२४५४४, ५२००४४

नयाँ वर्ष २०८३ सालको हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ सालको पावन अवसरमा सम्पूर्ण शेयर सदस्य, अभिभावक, शिक्षक, विद्यार्थी, कर्मचारी तथा शुभचिन्तक कर्मचारी तथा नेपाली आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख-शान्ति,समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मिनर्वा हाई ई.बो. स्कूल परिवार
लखनचोक, भैरहवा, रुपन्देही

नयाँ वर्ष २०८३ सालको हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ सालको पावन अवसरमा सम्पूर्ण शेयर सदस्य, अभिभावक, शिक्षक, विद्यार्थी, कर्मचारी तथा शुभचिन्तक कर्मचारी तथा नेपाली आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख-शान्ति,समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भैरहवा नमूना उच्च मा.वि. परिवार
भैरहवा, रुपन्देही

नयाँ वर्ष २०८३ सालको हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ सालको पावन अवसरमा सम्पूर्ण शेयर पदाधिकारी, कर्मचारी तथा शुभचिन्तक कर्मचारी तथा नेपाली आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख-शान्ति,समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दीपक श्रेष्ठ
अध्यक्ष (एवम्)

श्री साथी बचत तथा ऋण सहकारी संस्था लि. परिवार
सि.न.पा.-१३, भैरहवा

नयाँ वर्ष २०८३ सालको हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ सालको पावन अवसरमा सम्पूर्ण इष्टमित्र, शुभचिन्तक कर्मचारी तथा नेपाली आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विके ज्वलेर्स परिवार
सिद्धार्थनगर, भैरहवा, रुपन्देही

नयाँ वर्ष २०८३ सालको हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ सालको पावन अवसरमा सम्पूर्ण इष्टमित्र, शुभचिन्तक कर्मचारी तथा नेपाली आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

एशियन फर्मास्युटिकल्स प्रा. लि. परिवार
करैया, रुपन्देही

नयाँ वर्ष २०८३ सालको हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ सालको पावन अवसरमा सम्पूर्ण इष्टमित्र, शुभचिन्तक कर्मचारी तथा नेपाली आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विष्णु कडेल
कार्यालय प्रमुख (एवम्)

लुम्बिनी ट्रक यातायात व्यवसायी संघ परिवार
सिद्धार्थनगर-८, भैरहवा

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

नयाँ वर्ष २०८३ सालको हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ सालको पावन अवसरमा सम्पूर्ण इष्टमित्र, शुभचिन्तक कर्मचारी तथा नेपाली आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्री गणेश ज्वेलर्स परिवार
मिलनचोक, भैरहवा, रुपन्देही


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com